मेरो विश्वासको सार

१. म विश्वास गर्छु, त्रिएक परमेश्वरमा-पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरमा। (१ यूहन्ना ५:७-८, १ यूहन्ना २:२२, २ कोरिन्थी १३:१४, मत्ती २८:१९, २ पत्रुस १:२)

२. म विश्वास गर्छु, सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो र यो भुलरहित छ। (२ तिमोथी ३:१६, २ पत्रुस १:२१)

३. म विश्वास गर्छु, विश्वासद्वारा सित्तैमा मुक्ति पाईन्छ र मुक्तिको निश्चयता पनि पाईन्छ, मुक्तिचाहिँ काम, कर्म र बप्तिस्माद्वारा पाईदैन। (एफिसी २:८, यूहन्ना ३:१८, १ पत्रुस १:५, रोमी ८:१, रोमी ८:२९-३०)।

४. म विश्वास गर्छु, येशू ख्रीष्ट पवित्र आत्माको शक्तिद्वारा कन्या मरियमको कोखबाट जन्मनुभयो, र उहाँ यस संसारमा रहँदा शत प्रतिशत परमेश्वर र शत प्रतिशत मानिस हुनुहुन्थ्यो र उहाँले कुनै पाप गर्नुभएन। (यशैया ७:१४, मत्ती १:२३, फिलिप्पी २:६-७, १ पत्रुस २:२२)।

५. म विश्वास गर्छु, मानिस सबै पापी छन् र त्यही पापको निम्ति प्रभु येशू ख्रीष्ट मर्नुभयो, गाड़िनुभयो र तेस्रो दिनमा बौरी उठ्नुभो र अहिले उहाँ हाम्रो र परमेश्वर बीचको मध्यस्त भई काम गर्दैहुनुहुन्छ। (लूका २४:७-८, १ यूहन्ना २:२, १ तिमोथी २:५)।

६. म विश्वास गर्छु, येशू खीष्ट हामीलाई लिन फेरि आउँदैहुनुहुन्छ। (१ थेसलोनिकी ५:१-६, १ कोरिन्थी १५:५१-५२, प्रेरित १:११, २ पत्रुस ३:१०-११, यहूदा १५)।

७. म विश्वास गर्छु, शैतानको अस्तित्वमा र हजार वर्षको राज्यपछि सदाको लागि त्यो र त्यसका सबै दूतहरूले दण्ड भोग्नेछन्। (यशैया १४:१२-२३, २ कोरिन्थी ४:४, प्रकाश २०:१०)।

८. म विश्वास गर्छु, हामी (मण्डली) लाई दुईवटामात्र विधिहरू दिइएको छ पानीको बप्तिस्मा र प्रभु भोज। (मत्ती २८:१९, १ कोरिन्थी ११:१७-२६)।

९. म विश्वास गर्छु, मण्डली उठाईलानेमा, सङ्कष्टमा, खीष्टको शारीरिक हजार वर्षको राज्यमा। (१ थेसलोनिकी ५:१-६, १ कोरिन्थी १५:५१-५२, मत्ती २४:२१, प्रकाश २०:१-६, यशैया ६५:९)

१०. म विश्वास गर्छु, बाइबलमा भएको चिन्ह, चंगाई र आश्चर्यकर्ममा। (यर्मिया ३२:२०, २ कोरिन्थी १२:१२)।

११. म विश्वास गर्छु, प्रभु येशू ख्रीष्टले हामीलाई महान् आज्ञा दिनुभएको छ जुन आज्ञा हो सारा संसारमा गएर मुक्तिको सुसमाचार सुनाउनू। (मत्ती २८:१९, रोमी १:१६)।

१२. म विश्वास गर्छु, परमेश्वरको शक्तिद्वारा र धर्मीजनको विश्वासको प्रार्थनाले चंगाई हुनेछ। (याकूब ५:१४-१६)।